# बर्दिबास नगरपालिका कार्यालय

बर्दिबास, महोत्तरी

पत्र संख्या :०७२।०७३

च.नं :-

मिति : २०७२।११।१३

**यातायात गुरुयोजना निर्माण कार्यका लागि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने वारे सूचना**

प्रथम पटक प्रकाशित मिति : २०७२।११।१३

यस नगरपालिकाको लागि नगरपालिका यातायात गुरु योजना(Municipal Transport Management Plan) निर्माण गर्न स्थानीय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम परामर्श सेवाको लागि गुणस्तर तथा लागत विधिद्वारा कार्यालयमा सूचिकृत भएका परामर्शदाताहरु मध्येबाट प्रतिस्पर्धाको माध्यमबाट छनौट गर्नु पर्ने भएकोले उल्लेखित कार्य गर्न ईच्छुक सूचिकृत फर्म, संस्था तथा कम्पनीबाट आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक पत्रिकामा प्रकाशित भएको मितिले १५ औं दिन सम्म यस कार्यालयबाट कार्यालय समय भित्र रु.३००।- तिरी कार्य विवरण (TOR) खरिद गर्न सकिने छ। १६ औं दिन सम्म दिनको १२.०० बजे भित्र कार्य विवरण र निम्न उल्लेखित कागजातहरु संलग्न राखी आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टा छुट्टै खामवन्दी गरी पेश गर्न सकिने छ । १६ औं दिनको २.०० बजे प्रतिनिधिहरुको रोहबरमा उक्त प्रस्तावहरु खोलिने छ। प्राविधिक प्रस्ताव उतिर्ण भएका फर्म, संस्था वा कम्पनीको मात्र आर्थिक प्रस्ताव खोलिने छ। यस सम्वन्धि थप जानकारीको लागि यस कार्यालयको प्राविधिक शाखामा सम्पर्क राख्न सकिने छ। प्रस्ताव खरिद गने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उल्लेखित कार्य सो को भोलीपल्ट हुनेछ । यस सम्वन्धि थप जानकारीको लागि यस कार्यालयको योजना तथा शहरी विकास शाखामा सम्पर्क राख्न सकिने छ।

१. विवरण

- क) नगरपालिका यातायात गुरुयोजना(Municipal Transport Management Plan)(यस नगरपालिका र विस्तार हुने क्षेत्र समेतको)
- ख) प्रस्तावित लागत: बढिमा ९,५०,०००।-
- ग) कार्य अवधि : सम्झौता भएको मितिले ३ महिना हुनेछ ।
- घ) प्राविधिक प्रस्तावको अंकभार ८० हुनेछ। उतिणाङ्क ६० प्रतिशत हुनेछ ।
- ङ) आर्थिक प्रस्तावको अंकभार २० हुनेछ ।

२.परामर्शदाताले प्राविधिक प्रस्तावको साथमा पेश गर्नु पर्ने कागजातहरु

- क) परामर्शदाता फर्म, संस्था वा कम्पनीको विवरण, संगठन, कर्मचारी तथा निजको अनुभव तथा योग्यता ।
- ख) दुई वा दुई भन्दा बढि फर्म, संस्था वा कम्पनीले संयूक्त उपक्रमको रुपमा परामर्श सेवा दिने भए त्यस्तो फर्म, संस्था वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने फर्म, संस्था वा कम्पनीको नाम ।
- ग) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको विवरण ।
- घ) परामर्शदाताको मू.अ.कर दर्ता, नवीकरण एवं आ.व. २०७१/०७२ को कर चुक्ता प्रमाणपत्र ।

राम कुमार कार्की

कार्यकारी अधिकृत